जि.का.सप्तरी द.नं. २(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.नि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४२ अंक ११ २०८० साल असोज २१ गते आइतवार (8 Oct 2023 Sunday) मूल्य रु. ७/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

*यस अंक भित्र* – पृष्ठ २ मा : गठबन्धन नगरि चुनावमा जाने ... पृष्ठ ३ मा : धम्म/धर्म निर्देशित विदेश ... पृष्ठ ५ मा : लागु औषध मुद्दा स्वास्थ्य ... पृष्ठ ५ मा : गाजापट्टीबाट रकेट हमलापछि ...

## अदालतको आदेशपछि पनि लक्ष्मीले पाईनन् न्याय

**राजविराज**/अदालतको फैसला कार्यान्वयन नहुँदा सप्तरीको शम्भुनाथ नगरपालिका १ खोक्सर प्रभाहकी २७ वर्षिया लक्ष्मी कुमारी कर्ण विचल्लीमा परेकी छिन् ।



सप्तरी जिल्ला अदालतले उनको हकमा मानाचामल उपलब्ध गराउन दिएको आदेश लामो समय वितिसक्दा पनि कार्यान्वयन नहुँदा लक्ष्मीको विचल्ली भएको हो ।

अदालतको आदेश बोकेर दुई नावालिक छोरीसहित शनिवार सदरमुकाम राजविराज आईपुगेकी उनले संचारकर्मीहरुसित न्यायका लागि पहल गरिदिन आग्रह मात्र गरिनन् । अब न्याय खोज्न कहाँ जाने ? बाटो र उपाय बताइ दिन आग्रह समेत गरिन ।

अदालतको आदेश कार्यान्वयनमा ढिलाई हुँदा उनीसँगै दुई वर्षिया छोरी रियन्सीका र सात वर्षिया छोरी वर्षाको पनि विजोग भएको छ । लालपालनमा त समस्या छदै छ । कान्छी छोरी रियन्सीका जन्मदर्ता नहुँदा विद्यालय भर्ना हुनबाट समेत उनी बञ्चित भएकी छिन् ।

लक्ष्मीको शम्भुनाथ नगरपालिका १ खोक्सरका मदन कुमार कर्णसँग २०७१ साल ३० बैशाखमा हिन्दु परम्परा अनुसार विवाह भएको थियो । विहेमा १ लाख १० हजार नगद, २ तोला सुन तथा २० तोला चाँदीका गरगहना दिइएको लक्ष्मीको भनाई छ । विवाहको शुरुका केही समय पति मदन र घर परिवारका सबैले राम्रै व्यवहार गरेपनि दुई छोरी जन्मिएपछि व्यवहार परिवर्तन भई शारीरिक र मानसिक यातना दिने क्रम शुरु भएको उनी बताउँछिन् । पति, सासु र सासुराले शारीरिक र मानसिक यातना मात्र दिन थालेनन, घर निकाला नै गरे उनले भनिन ।

न्यायका लागि नगरपालिकाको न्याय समितिमा पुगे र त्यहाँ भएको सहमतिको पालना पति, सासु र ससुराले गर्न अस्विकार गरेपछि अदालतको शरणमा पुगेको उनले सुनाईन । सँगै जिवनयापन नगरुन्जेल तथा सम्बन्ध विच्छेद मुद्दाको अन्तिम टुंगो नहुन्जेलसम्म अदालतले २०७७ माघदेखि लागु हुने गरी लक्ष्मी र उनका दुई नावालिक छोरीसमेतलाई जीवनयापन गर्न मदनले मासिक १५ हजार रुपैयाँ लालनपालन खर्च दिनुपर्ने आदेश जारी गरेका थियो । तर हालसम्म एक सुका पनि नपाएको लक्ष्मीको भनाई छ ।

अदालतको फैसला बमोजिम मानाचामल खर्च तथा कान्छी छोरीको जन्मदर्ताका लागि पहल गरिदिन उनले सबै सरोकारवालासँग आग्रह गरेकी छिन् । जनकपुर माइत रहेकी लक्ष्मीले हाल माइतीमै एउटा कोठा भाडामा लिई बसोवास गर्दै आएकी उनी अहिले टोलका केही बालबालिकालाई ट्यूशन पढाएर जसोतसो तीन जनाको परिवार पाल्दै आएकी छिन् ।

## कोशी प्रदेशका मुख्यमन्त्री कार्कीद्वारा राजीनामा

**विराटनगर**/कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले शनिबार आफ्नो पदबाट राजीनामा दिएका छन् । कोशी प्रदेशसभाको शनिबारको बैठकमा उनले राजीनामा दिएका हुन् ।

कोशी प्रदेशसभाको आजको बैठकमा विश्वासको मत पाउने सम्भावना नदेखेपछि मुख्यमन्त्री कार्कीले आफ्नो पदबाट राजीनामा दिएको घोषणा गरे ।

नेपालको संविधानको धारा १६८ को उपधारा ३ बमोजिम मुख्यमन्त्री कार्कीले यही असोज १७ गते विश्वासको मतका लागि कोशी प्रदेशसभाको सचिवालयमा प्रस्ताव दर्ता गराएका थिए ।

मुख्यमन्त्री कार्कीले नेकपा (एमाले) संविधानको सर्वोच्चताको पक्षमा जहिले पनि उभिने प्रतिवद्धता व्यक्त गर्दै कोशी प्रदेशका जनताले निर्वाचन नचाहेकाले राजीनामा दिएको उल्लेख गरे ।

उनले अहिलेको नजिर र जटिलताको नजरअन्दाज भएमा मध्यावधीमा जाने निश्चित रहेको उल्लेख गर्दै निर्वाचनलाई रोक्न तथा स्थिर सरकार बनाउन राजनीतिक दलहरूबिच सहमति सहकार्य र एकता हुनु आवश्यक रहेको बताए ।

मुख्यमन्त्री कार्कीले गत भदौ २२ गते पद तथा गोयनीयताको शपथ लिएका थिए । कोशी प्रदेशसभामा नेपाली कांग्रेसका २९, नेकपा (एमाले) का उपसभामुखसहित ४०, नेकपा (माओवादी केन्द्र) का १३, नेकपा (एकीकृत समाजवादी) का चार, जसपा एक र राप्रपाका ६ प्रदेशसभा सदस्य छन् ।

## वेपत्ता रहेका अजिमको शव बोराभित्र सडेगलेको अवस्थामा फेला

**राजविराज**/सप्तरीको खडक नगरपालिका वडा नं. ११ बनौलीस्थित पोखरीमा बोराभित्र सडेगलेको अवस्थामा फेला परेको शव लामो समयदेखी वेपत्ता रहेका सोही वडा निवासी मो. अजिमुद्दिनको भएको प्रहरीले पुष्टि गरेको छ ।

गत भदौं २१ गते मेला हेर्न भनि घरबाट निस्केका १८ वर्षिय अजिमुद्दिन बेपत्ता थिए । परिवारजन तथा प्रहरीले खोजी कार्य तिब्र बनाएका बेला हत्या गरी बोरामा राखेर फालेको अवस्थामा उनको सडेगलेको शव स्थानीय राम प्रसाद यादवले संचालन गर्दै आएको कृषि फर्मको पोखरीबाट प्रहरीले फेला पारेको थियो ।

प्रेम प्रसंगको विषयलाई लिएर यस्तो क्रुर घटना भएको पाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गजुसिद्धि बज्राचार्यको भनाई छ । उनले एक बालिकासँग भएको प्रेम सम्बन्धकै कारण अजिमुद्दिनको हत्या भएको खुल्न आएको बताए ।

हत्या घटनामा संलग्न भएको आरोपमा सोही वडाकी ३० वर्षिया बिना देवी यादव, ३४ वर्षिय राम प्रकाश यादव, ३६ वर्षिय डम्बर नारायण साह र ४० वर्षिय छोटेलाल भन्ने धर्मदेव साह पक्राउ परेको जानकारी समेत दिए । पक्राउ परेका मध्ये एकजना मृतकको प्रेम सम्बन्धमा रहेकी बालिकाकी आमा र अर्को काका रहेको प्रहरीको भनाई छ ।

मृतकका दाजु मो. मजिदका अनुसार गत भाद्र २१ गते बुघवारका दिन कृष्णाजन्माष्टमीका अवसरमा गाउँमा लागेको मेला हेर्न जान्छु भनि निस्केका थिए । मृतकका दाजु मजिदले भाईसँगै मेला गएका उनका एकजना साथीसँग भाईको अवस्था बारे बुझ्दा उनले सोही राति नै मेला भरेर फर्किदा एकजना केटी साथीसँग भेट्न जान्छु भनि आफुसँग अजिमुद्दिन छुटिएको र त्यस पछि कता गयो भन्ने कुरा आफुलाई केही थाहा नभएको बताएको प्रहरीलाई जानकारी गराएका थिए ।

स्थानीय हिरा फेकनी मावि बनौलीबाट यसैवर्ष एसईई परीक्षा दिएका अजिमुद्दिनको त्यही विद्यालयमा कक्षा ८ मा पढ्ने एक बालिकासँग गहिरो प्रेम परेको र सोही प्रेम उनको हत्याको कारण बनेको प्रहरी अनुसन्धानमा खुलेको छ ।

बालअधिकारप्रति संवेदनशील बनौं।

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं।

बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

लक्षण
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।*

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुर, सप्तरी

## सम्पादकीय

## जिम्मेवार भएर भूमिका निर्वाह गर्नु आवश्यक

सप्तरीमा विगत केही वर्ष यता हत्या भएका घटनाहरुको सत्यतथ्य सार्वजनिक भएको देखिन्न । जिल्लाको छिन्नमस्तामा दुई वटा हत्याका घटनाहरुको सत्यतथ्य अझै सार्वजनिक हुन सकेको छैन् । भने खडक नगरपालिकास्थित एक बृद्ध दम्पत्तिको घटना समेत गर्वमै रहेको छ । छिन्नमस्तामा एक महिलालाई मदिराको बोतलले टाउँकोमा प्रहार गरि हत्या गरिएको घटनाको अनुसन्धान भइरहेको छ । त्यस्तै छिन्नमस्तामै एक बृद्धलाई दिउँसो घाँटी रेटेर हतया गरिएको थियो त्यो घटना बारे पनि कुनै अनुसन्धा भइरहेको छ ।

त्यस्तै खडक नगरपालिकास्थित खरचुइया बजारमा एक बृद्ध दम्पत्तिको आगलागिमा जलेर मृत्यु भएको थियो । सो घटना आगलागिबाट नभई हत्या भएको प्रारम्भिक जानकारी प्रहरीले दिएको छ । तर, सो घटना बारे पनि प्रहरीले सत्यतथ्य पत्ता लगाउन सकेको छैन् । यसरी जिल्लामा हत्याका घटना बारे प्रहरीले अनुसन्धान सुस्त गतिमा गरेको देखिन्छ । त्यसबाहेक केही अन्य जघन्य अपराधका घटनाहरुको अनुसन्धानमा प्रहरीले आफ्नो अग्रसरता नदेखाएको पाइएको छ ।

यसरी शान्ति सुरक्षाको प्रत्याभुती दिने निकाय प्रहरी प्रशासन रहेकाले त्यस्ता घटनाहरुलाई अनुसन्धान गरि सत्यतथ्य सार्वजनिक गर्न प्रहरीले तदारुकता देखाउनु जरुरी छ । तसर्थ जिल्लाको सुरक्षा, शान्ति सुव्यवस्था, सामाजिक सद्भाव लगायतका कार्यमा प्रहरीले स्वच्छ रुपमा भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ ।

# गठबन्धन नगरि चुनावमा जाने तयारी : नेता निधि



**राजविराज**/नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले अस्तित्व जोगाउन आउँदो चुनावमा कुनैपनि राजनीतिक दलसँग गठबन्धन नगरि चुनावमा जाने तयारी पार्टी भित्र भईरहेको जानकारी दिएका छन् ।

राजविराजस्थित पार्टी कार्यालयमा बुधबार नेता तथा कार्यकर्ता सँगको भेंटमा उनले सो जानकारी दिँदै पूर्वगृहमन्त्री समेत रहेका निधिले आम जनतामा कांग्रेस अहिलेदेखि त्यसका लागि माहौल बनाउनमा लाग्न निर्देशन पनि दिए ।

एक फरक प्रसंगमा निधिले देशमा संविधान आएको ८ बर्ष वित्न लाग्दा पनि संघियता अहिले सम्म कार्यान्वयन नहुनुले समस्या निम्त्याएको बताए । 'संघियता आएको तर अहिले सम्म प्रदेश सरकार संग प्रहरी, प्रशासन र आफ्नो कर्मचारी नभएको कारण सरकार सञ्चालनमा समस्या आएको छ' उनले भने, 'सरकार त्यसलाई भनिन्छ जसको मातहतमा प्रहरी-प्रशासन र कर्मचारी हुन्छ ।'

संघियताको कार्यान्वयन आफू गृहमन्त्री हुँदादेखि शुरु भएको तर अहिलेसम्म नभएकोप्रति चिन्ता व्यक्त गर्दै उनले नेता तथा कार्यकर्तालाई त्यसका लागि जनदवाव सृजना गरेर जनताको विश्वास जित्दै कांग्रेस प्रति आकर्षण बढाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा नेपाली कांग्रेस सभापति रामदेव साह, उपसभापति रामकुमार यादव र सचिव सनत मंडल सहित पार्टीका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

## भारतबाट अवैध रुपमा नेपाल ल्याइएका एक सय थान वाकीटकी सेट बरामद

**राजविराज**/सशस्त्र प्रहरीले भारतबाट अवैध रुपमा नेपालतर्फ ल्याउँदै गरेको एक सय थान वाकीटकी सेट बरामद गरेको छ ।

सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट छिन्नमस्ताबाट खटेको टोलीले गत शनिबार राती छिन्नमस्ता गाउँपालिका वडा नं. २ मोहनपुरबाट उक्त परिमाणको वाकीटाकी बरामद गरेको जनाएको छ ।

सशस्त्र प्रहरीका अनुसार गस्तिमा रहेको प्रहरीलाई देख्नासाथ बोरामा प्याक गरेर टाउँकोमा बोकेर ल्याउँदै गरेका एक व्यक्ति सामान छाडेर फरार भएको सशस्त्र प्रहरी उपरिक्षक धनबहादुर सिंहले जानकारी दिएका छन् ।

वाकीटकी सेट ल्याउने व्यक्तिको खोजिकार्य भइरहेको तथा कुन प्रयोजनका लागि वाकीटकी सेट ल्याइएको भन्ने बारे अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ ।

करिब ८ लाख मुल्य बराबरको उक्त वाकीटाकी आवश्यक कारवाही प्रकियाका लागि तिलाठी कोइलाडीस्थित राजविराज भन्सार कार्यालय बुझाइएको छ ।

## बस दुर्घटनामा दुईको मृत्यु

**राजविराज**/राजविराजदेखी जनकपुरधामतर्फ जाँदै गरेको यात्रुवाहक बस गत आइतबार दुर्घटना हुँदा दुई जना यात्रुको मृत्यु भएको छ भने २५ जना घाइते भएका छन् ।

राजविराजबाट जनकपुरधामतर्फ जाँदै गरेको ना.४ख. ७१८७ नम्बरको धनलक्ष्मी ट्राभल्स पूर्वपश्चिम राजमार्ग अन्तरगत सिरहाको मिर्चैयाको मारुती सिमेन्ट फैक्ट्री नजिक अनियन्त्रित भई दुर्घटना भएको ईलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ ।

तीब्र गतिमा आउँदै गरेको बसको स्प्रिड पट्टा भाँचिएर अनियन्त्रित भई दुर्घटना भएको प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै प्रहरीले जनाएको छ ।

दुर्घटनामा मृत भएकाहरुको सनाखत नभएको तथा घाईते भएका २५ जनाको स्थानीय अस्पतालहरुमा उपचार भईरहेको छ । बसका चालक र बस मिर्चैया प्रहरीको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।

## वडा अध्यक्ष रायको निधन

**राजविराज**/सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष हरिप्रसाद राय अमातको.निधन भएको छ ।

६५ वर्षि राय केही समयदेखी पक्षघातबाट पीडित भई थलो परेका थिए । उनको गत शनिबार राती आफ्नै निवासमा निधन भएको परिवारजनले जनाएका छन् । उनी गत स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसको तर्फबाट उम्मेदवार भई निर्वाचित भएका थिए ।

उनको निधनले अपूर्णिय क्षति भएको भन्दै कांग्रेस सप्तरीले शोक वक्तव्य जारि गर्दै मृत आत्माको चिरशान्तिको कामना तथा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरिएको छ ।

सचिव सनत मण्डलद्वारा जारि प्रेस विज्ञप्तिमा रायको निधनले पार्टी र डाक्नेश्वरी नगरपालिकावासी दुवैलाई अपूर्णिय क्षति पुगेको उल्लेख छ ।

यसैबीच वडाअध्यक्ष रायको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै डाक्नेश्वरी नगरपालिकाले गत आइतबार नगर क्षेत्रमा शोक बिदा दिएको थियो ।

## २४ घण्टा भित्रै मुल्य बृद्धि फिर्ता

**राजविराज**/नेपाल आयल निगमले पेट्रोलियम पदार्थमा गरेको मुल्य बृद्धि सरकारको निर्देशनमा फिर्ता लिएको छ ।

सरकारले पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता लिई पुरानै मूल्य निर्धारण गर्न निर्देशन दिएपछि निगमले गत शनिबार मुल्य बृद्धि गरेको मुल्य २४ घण्टा भित्रै गत आइतबार फिर्ता लिएको थियो ।

निगमले पेट्रोलमा प्रतिलिटर २, डिजेल र मट्टितेलमा प्रतिलिटर ६ र खाना पकाउने ग्याँसमा प्रतिसिलिण्डर २१५ रुपैयाँ बढाउने निर्णय गरेको थियो । त्यस्तै हवाइ इन्धन आन्तरिक र अन्तर्राष्ट्रिय दुवैमा प्रतिलिटर ८ रुपैयाँ बढाएको थियो ।

## मधेश प्रदेशमा एक मन्त्रालय थपिए

**राजविराज**/मधेश प्रदेशमा शुक्रबार पुनः मन्त्रिपरिषद् पुर्नगठन भएको छ । शिक्षा तथा समाज कल्याण मन्त्रालयलाई फुटाएर शिक्षा तथा संस्कृती मन्त्रालय बनाइएको छ भने खेलकुद तथा समाज कल्याण मन्त्रालय थपिएको छ ।

शिक्षा तथा संस्कृती मन्त्रालयको जिम्मा महेश प्रसाद यादवले र खेलकुद तथा समाज कल्याण मन्त्रालयको जिम्मा सुरिता साहले पाएकी छिन् । यसअघि मन्त्रि साह विना विभागिय मन्त्रि थिइन् ।

मधेश प्रदेश प्रमुखको कार्यालय जनकपुरधामका निमित्त सचिव शत्रुधन यादवद्वारा जारि विज्ञप्तिमा अब मन्त्रिको संख्या १४ पुगेको छ भने जसमा दुई जना राज्यमन्त्रि छन् ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# धम्म/धर्म निर्देशित विदेश नीतिको खाँचो

**डा. डीआर अधिकारी**

तेस्रो पटक प्रधानमन्त्री बनेर नौ महिना शासन सम्हाल्न भ्याउनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले हालसालै भारत, संयुक्त राष्ट्र सङ्घको महासभामा सहभागी हुने मेसोमा संयुक्त राज्य अमेरिका र चीनको भ्रमण गर्नुभएको छ। यी भ्रमणको सेरोफेरोमा भ्रमणका औचित्यका र सफलता र असफलताका बारेमा धेरै लेखिएका छन्। खासगरी नेपालका परराष्ट्र मामिला विद्का बिच रणनीतिक सुरक्षावादी र यथार्थवादी स्कुलको दबदबा भएको सन्दर्भमा यी भ्रमण चासोपूर्ण हुनु स्वाभाविक पनि हो। किनकि, आज नेपाललाई भारत, संयुक्त राज्य अमेरिका र चीनको रणनीतिक स्वार्थको द्वन्द्वको थलो वा 'फ्ल्यास प्वाइन्ट'को को रूपमा हेरिन्छ। यस्तो रणनीतिक द्वन्द्वको सामाजिक निर्माण गरिरहेको सार्वजनिक विमर्शको पृष्ठभूमिमा प्रधानमन्त्रीद्वारा तथाकथित द्वन्द्वका स्रोत तिनै शक्ति पीठको तीर्थाटनबारे धेरै नेपालीको चासो हुनु पनि स्वाभाविकै हो।

तर, प्रधानमन्त्रीको विदेश भ्रमण र त्यसको वरिपरि भएको विमर्शलाई गहिरिएर हेर्ने हो भने सरकारको विदेश नीति र बौद्धिक विमर्श दुवै कति दिग्भ्रमित छ भन्ने प्रस्ट हुन्छ। यही एउटै बहसलाई केलाउने हो भने हाम्रो नेपाल किन बन्न सकेन भन्ने कुराको पनि छनक पाउन सकिन्छ। किनकि कुनै पनि देशले शान्ति, प्रगति र समृद्धि हासिल गर्न सबभन्दा पहिले आफू को हो, आफ्नो पहिचान कसरी निर्माण र प्रस्तुत गर्ने र के कुरामा केन्द्रित हुने, कस्ता सोच, बहस र कार्यबाट परै बस्ने भन्ने थाहा पाउन र सोअनुरूप आचरण गर्न जरूरी हुन्छ। जुन कुरामा नेपाल केही दशक यतादेखि चुक्दै आएको छ।

अन्तर्राष्ट्रिय सम्बन्धको कखरा थाहा हुनेलाई थाहा हुनुपर्ने सामान्य ज्ञान के हो भने कुनै पनि देशको हितको प्रवर्द्धन गर्न त्यो देशले दुनियाँलाई त्यही देशमा उभिएर हेर्न सक्नुपर्छ। उसले अरूका होइन, आफ्नै आँखाले आफूलाई र दुनियालाई हेर्न सक्नुपर्छ। अझ नेपाल जस्तो सानो देशले त शक्तिराष्ट्रका आँखाबाट आफूलाई हेर्ने गल्ती कहिल्यै गर्नु हुँदैन। नेपालको परराष्ट्र नीति र विदेश सम्बन्धको सवालमा सबभन्दा पहिले नेपाल सरकार, नेपाली बौद्धिक समुदाय र नेपाली सञ्चारमाध्यमले नेपाली दृष्टिविन्दु पहिल्याउन सक्नुपर्छ।माथि उल्लेख भए झैं के कुरामा ध्यान केन्द्रित गर्ने र के कुरामा नअल्झिने भन्ने खुट्याउनु पर्दछ। तर, यतिवेला नेपालको परराष्ट्रसम्बन्धबारेका सरकारी नीति र सार्वजनिक विमर्शले ध्यान केन्द्रित गर्नै नपर्ने विषयमा रूमल्लिएका छन् भने जोड गर्नुपर्ने कुराको भेउ नै पाउन सकेका छैनन्। त्यो कुरा प्रधानमन्त्री प्रचण्डको विदेश भ्रमणका एजेण्डामा पनि अभिव्यक्त भएका छन्।

त्यसो भए नेपालको परराष्ट्र नीतिसम्बन्धी बहसको मूल समस्या के हो? नेपालको विदेश नीति कस्तो हुनुपर्छ ?

**शक्ति राष्ट्रका आँखाबाट छेडिएको नेपालको परराष्ट्र सम्बन्ध सम्बन्धी बहस**

नेपालको परराष्ट्रनीति सम्बन्धी विध्यमान बहसको मूल समस्या के हो भने यो बहस नेपालको दृष्टिविन्दूबाट छेडिएको छैन। यो या त भारत, संयुक्तराज्य अमेरिका वा चीनको दृष्टिविन्दूबाट छेडिएको छ। परराष्ट्र नीतिसम्बन्धी यथार्थवादी वा रणनीतिक सुरक्षासम्बन्धी सिद्धान्तले जहिले पनि बलिया शक्तिराष्ट्रको आँखाबाट अन्तर्राष्ट्रिय मामलालाई हेर्छ। यस्तो अशरीर दृष्टिबाट हेर्दा नेपाल बलिया शक्ति राष्ट्रको इशारामा नाच्ने बाहेक नेपालको अरू कुनै सामर्थ्य देखिन्न। नेपालको कुनै पहलकदमी हुन सक्ने नै देखिन्न। यथार्थवादी दृष्टिकोणबाट नेपाल "बफर स्टेट" वा अन्तर्राष्ट्रिय "फ्ल्यास प्वाइन्ट" भन्दा अरू हुनै सक्दैन। यस्तो दृष्टिकोण बोकेर हिँडेपछि हाम्रो राष्ट्रिय मनोविज्ञान अस्तित्वको चिन्ता वा "एक्जिस्टेन्सिएल एङ्जाइटी" बाट माथि उठ्नै सक्दैन।यस्तो दृष्टिकोण बोक्दा हामी शक्तिराष्ट्रसित केही मौलिक प्रस्ताव गर्न सक्दैनौं। बरू राजा विरेन्द्रले नेपाललाई शान्ति क्षेत्रको रूपमा प्रस्ताव गरेका थिए। तर हामी केबल अमेरिकाले प्रस्ताव गरेको एमसीसी, चीनको बीआरआई वा भारतले प्रस्ताव गरेको त्यस्तै केही नीति मान्ने कि नमान्ने भन्नेमा माथापच्चिस गर्छौं। हामीले भूटानीकरण भनेर हियाउने गरेको भुटानले बरू "ग्रस ह्याप्पिनेस इन्डेक्स" लाई परराष्ट्र नीतिको अंग बनाएको छ। तर, हामी केही प्रस्ताव गर्न सक्दैनौं। हाम्रा प्रधानमन्त्री भिखारी जस्तो विदेश भ्रमणका क्रममा झोली मात्रै थाप्छन् र विदेशी राष्ट्रपतिसित भेट्न पाएकोमा मख्ख भएर भ्रमण सफल भयो भन्दै नेपाल फर्किन्छन्। आफ्नो कुनै मौलिक एजेण्डा प्रस्तुत गर्दैनन्।

यथार्थवादी दृष्टिकोणको अर्को समस्या छ। त्यो के हो भने यसको पूरै ध्यान अन्तर्राष्ट्रिय सम्बन्धमा द्वन्द्व र युद्धका विविध मुहान खोज्नुमा केन्द्रित हुन्छ। शान्तिको बाटो के हो त्यसको खोजीमा यसको चासो एकदमै कम छ। यथार्थवादीहरूले के कुरा बुझ्दैनन् भने सामाजिक-राजनीतिक यथार्थ राजनीतिक व्यवहार र पैरवबीको क्रममा निर्माण हुन्छ। यस अर्थमा विश्वराजनीतिमा द्वन्द्व र युद्ध हुनुमा यथार्थवादी पैरवी र व्यवहारको पनि उत्तिकै हात हुनेगर्छ जति शक्तिसङ्घर्षको हुने गर्छ।

त्यसकारण, यदि नेपालले नेपालकै सेवा गर्ने विदेश नीतिको निर्माण गर्ने हो भने सबभन्दा पहिले परराष्ट्र सम्बन्धसम्बन्धी हाम्रो पैरवी र व्यवहार यथार्थवादको दुष्चक्रबाट बाहिर निस्कनुपर्छ र हामीले हाम्रो विश्व र क्षेत्रीय राजनीतिको रङ्गमञ्चमा पहिचानलाई पुनःपरिभाषित गर्नुपर्छ। त्यो पहिचान पहिल्याउनभन्दा पहिले हामीले हाम्रो जरोकिलो के हो त्यो पहिल्याउनुपर्छ। हाम्रो राजनीति केबाट निसृत हुने त्यो ठम्याउनुपर्छ।

**नेपाली जरोकिलोको प्रश्न**

आज नेपाल हरेक क्षेत्रमा जसरी धरमराइरहेको छ त्यसको पहिलो कारण हामी जरा उधिनिएको रूख जस्तो भएर हो। आधुनिकीकरण र परिवर्तनको एकोहोरो धुनमा सबभन्दा पहिले त हाम्रो साँस्कृतिक जरा उधिनिएको छ। हाम्रो समाजलाई हजारौं वर्षदेखि फल्नफूल्न सघाएको ज्ञानको संहार भएको छ। हामीलाई हाम्रो संस्कृति, भाषा, ज्ञान र सामर्थ्य केहीमाथि पनि आत्मविश्वास नभएको निकै डरलाग्दो स्थितिमा हामी नेपाली पुगेका छौं। सबभन्दा पहिले आफ्नो ज्ञान परम्परामा खडा हुन नसक्दा बाहिरी दुनियाँले विज्ञानका क्षेत्रमा गरेको विकास पनि हामीले राम्ररी भित्रयाउन सकेका छैनौं।

नेपालको भविष्यको ठेक्का केही अर्थशास्त्री र पश्चिमा उदारवादका विद्यार्थीको हातमा पुगेको छ। हाम्रो प्रभुत्वशाली बहसमा बुद्ध, यज्ञवल्क, चाणक्य, राजा जनक, वेदव्यास, अस्टवक्र, आर्यभट्ट वा भरतमुनिको चर्चा कहिल्यै छैन। चर्चा छ त एरिस्टोटल, प्लेटो र पछिल्लो समयमा फ्रान्सिस फुकुयामा वा मिल्टन फ्रेडम्यान वा कार्ल मार्क्सको मात्रै छ। दल नै पश्चिमा "इनलाइटमन्ट" का बौद्धिक उत्पादन मार्क्स र लेनिनका नाममा नामाकरण भएका छन्।

पश्चिमी आधुनिकताले हाम्रो सन्दर्भमा एउटा पनि वाचा पूरा गरेको छैन। तिनले न हामीलाई समृद्धि दिएका छन् न त आत्मिक शान्ति नै। मेरो विचारमा नेपालमा वर्चस्व जमाएका उदारवादी र मार्क्सवादी दुवै विचार पश्चिमा आधुनिकताका सन्तान हुन्। हाम्रा रैथाने उत्पादन होइनन्। विचार भनेको एउटा यस्तो विचित्र चिज हो जो संसारभरि डुली हिँड्छ। तर, अक्सर यसले एउटा खास स्थानीय स्वार्थको सेवा गर्छ। त्यसैले हुनुपर्छ वीसौं शताब्दीका शक्तिशाली विचारक मिसेल फुकोले

*बाँकी चार पृष्ठमा*


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले विवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : छिन्नमस्ता गाउँपालिका, सप्तरी**

## *धम्म/धर्म निर्देशित ...*

विचार/ज्ञानले जहिल्यै यो वा त्यो शक्तिको सेवा गर्छ भनेको। खास विचारले खास शक्तिको मात्रै होइन, खास स्थानीयताको पनि सेवा गर्छ त्यसले जतिसुकै भूमण्डलीयताको बर्को ओडेको होओस्।

त्यसकारण, हरेक क्षेत्रमा नीति बनाउनुभन्दा पहिले हामीले हाम्रो जरोकिलो पहिल्याउनुपर्छ। जरा बलियो गरेर आफ्नो माटोमा फिजाएपछि मात्रै राजनीति, शिक्षानीति, अर्थनीति र विदेशनीतिको हाँगा फैलाउन सकिन्छ। यो अर्थमा कालमार्क्सको सोचको ठीक विपरित आफ्नो ज्ञान, विज्ञान, सभ्यता र सँस्कृति नै ती सबै नीतिको मुहान हुनुपर्छ। जबसम्म हामीले हाम्रो ज्ञान, विज्ञान, सभ्यता र सँस्कृतिको जरो पहिल्याउन र फहिल्यान सक्दैनौं कुनै पनि क्षेत्रमा हाम्रो देशको प्रगति हुन सक्दैन। नेपाललाई अझ दुर्दशाबाट जोगाउने हो भने हाम्रो सार्वजनिक बहस ढिलो नगरी उदारवादी र मार्क्सवादी अर्थशास्त्री र पश्चिमा उदारवाद र चिनिया र भारतीय नवयथार्थवादका विद्यार्थीको दबदबाट बाहिर निकाल्न जरूरी छ।

**सभ्यता, सँस्कृति, ज्ञानसंहार र धर्मनिरपेक्षता**

त्यसकारण, नेपालको विदेशनीति पनि सबभन्दा पहिले हाम्रो आफ्नै मौलिक सभ्यता र सँस्कृतिद्वारा निर्देशित हुनुपर्छ। हाम्रो सभ्यता सँस्कृतिको मुहान के हो ? छोटकरीमा भन्दा धर्मको दर्शन हो। त्यसकारण नेपालको राजनीति र अर्थनीतिमात्र होइन, विदेश नीति पनि सबभन्दा पहिले धम्म/धर्मद्वारा निर्देशित हुनुपर्छ।

नेपालको विदेश सम्बन्धमा धम्म/धर्मको आवश्यकताबारे चर्चा गर्नुभन्दा पहिले म हाम्रो संविधानमा उल्लेखित धर्मनिरपेक्षताको बारेमा चर्चा गर्न चाहन्छु। आधुनिक नेपालको इतिहासमा भएको सबभन्दा ठूलो ज्ञानसंहार हुनुपर्छ नेपालको संविधानमा धर्मनिरपेक्षता शब्द पर्नु।नेपालको संविधानमा उल्लेखित उक्त शब्दको मर्म सही भए पनि यसलाई गलत अर्थमा प्रयोग भएको छ। हुँदै नभएको अर्थमा प्रयोग भएको छ। नेपालका संविधान निर्माताको अज्ञानता वा नेपाली शब्दको अर्थको गहिराइमा जाने अरूचीका कारण यस्तो भएको छ। नेपाल धर्म सापेक्ष राज्य हुनुपर्ने हो तर पश्चिमा “सेक्युलारिज्म”को अन्ध नक्कल गर्ने क्रममा नेपालको नयाँ संविधानमा धर्मनिरपेक्षता भन्ने शब्द पर्न गयो। शायद नेपालको संविधानमा “सेक्युलारिज्म” उल्लेखै गर्न परेको भए सम्प्रदायनिरपेक्ष, “रिलिजन”निरपेक्ष वा त्यस्तो अरू कुनै शब्दको प्रयोग गर्न सकिन्थ्यो। तर, नेपालको संविधानमा यो प्रसङ्ग नै उल्लेख गर्न जरूरी थिएन।

किन त्यो जरूरी थिएन भने नेपालको इतिहासमा पश्चिमा राष्ट्रमा जस्तो राजा कहिल्यै पुजारीको अधीन थिएनन्। मन्दिरले कहिल्यै राजकाजमा हस्तक्षेप गरेको थिएन। क्याथोलिक चर्चको पादरीले जस्तो पशुपति वा मनकामना मन्दिरका पुजारीले कहिल्यै राजकाजमा हस्तक्षेप गरेका थिएनन्। यसअर्थमा नेपाल राज्य सधैं “सेक्युलर” रहँदै आएको थियो। तर, पश्चिमा आधुनिकता र सेक्युलारिज्मको अन्ध नक्कल गर्ने क्रममा यो प्रसङ्ग आयो। त्यो भन्दा पहिलेको संविधानमा उल्लेखित “हिन्दू अधिराज्य”मा परेको हिन्दू शब्द पनि हामीलाई पश्चिमाले नै दिएको थियो। हामी नेपाली परापूर्व कालदेखि “हिन्दू” होइन, सनातनी हौं।

सनातन परम्परा कहिल्यै विशुद्ध “रिलिजस” परम्परा रहिआएको थिएन। यो एउटा धार्मिक परम्परा थियो। “धर्म” र “रिलिजन” भनेका फेरि पनि फरक कुरा हुन्। धर्म कानुनको जग हो। त्यो धर्म हो जसले व्यवस्था कायम गर्छ। उदाहरणको लागि राजधर्म भनेको राजनीतिक व्यवस्था कायम गर्ने धर्म हो। आपद् धर्ममा आपत्कालिन अवस्थामा स्वीकार्य हुने तर साधारण अवस्थामा स्वीकार हुननसक्ने विषय आउँछन्। स्वधर्म भनेको कुनै व्यक्तिले आफ्नो जीवनमा आपनाउनुपर्ने धर्म हो। धर्म एउटा नैतिक रुपरेखा हो जसले हामीलाई हरदम असल मानिस बन्न र असल निर्णय लिन सिकाउँछ। धर्मले हाम्रो जीवनमा अर्थ, काम र मोक्ष सबैको प्राप्तिको लागि बाटो देखाउँछ।

धर्मनै नरहेपछि हामी नेपाली कस्ता बन्दै गएका छौं त्यो त दिनदिनै हामीले भोगिरहेकै छौं। धर्म मरेको देशमा बाँच्न, बस्न र खानै मुस्किल भएपछि हामी नेपाली हजारौंको संख्यामा दिनदिनै देश छोडिरहेका छौं। धर्म मरेको नेपाल देश केही छट्टु र कपटीका लागि स्वर्ग भएको छ, अरु सबै निर्धा र सोझाहरूका लागि नर्क। त्यसैले त कोही पनि मध्यमवर्गका नेपाली बाबुआमा आफ्ना छोराछोरी नेपाल बसुन् भन्ने चाहँदैनन्।

**किन नेपालको पहिचान आर्थिक होइन, सभ्यतागत-साँस्कृतिक हुनपर्छ ?**

नेपालको परराष्ट्र नीति कस्तो हुने भन्नेमा नेपालले सबभन्दा पहिले आफ्नो पहिचानको बारेमा स्पष्ट हुनुपर्छ। हामी सित दुइटा बाट छन्। पहिलो हो नेपाललाई गरिव मुलुकको रूपमा चिनाउने र दुनियाँसित भिख माग्दै हिँड्ने। आफ्नो इज्जत आफैले उडाउँदै हिँड्ने। दोस्रो हो नेपाललाई विभिन्न सभ्यता र सँस्कृतिको संगमस्थलको रूपमा परिभाषित गर्ने। यसलाई पूर्वीय ज्ञानको मुहानमा परिणत गर्ने। यस्तो विदेशनीति लिँदा प्रधानमन्त्रीले विदेश भ्रमण गर्दा बाटोघाटो र लगानीको बारेमा पनि सम्झौता गर्छन्। तर, त्योभन्दा धेरै सम्झौता नेपालमा नयाँ नयाँ विश्वविध्यालय खोल्ने र रिसर्च सेन्टर खोल्ने विषयमा हुन्छन्। त्यसपछि, सम्झौताहरू चिनिया, र भारतका विभिन्न भाषाको सिकाइ स्कूलदेखि विश्वविद्यालयका पाठ्यक्रममा राख्ने विषयमा हुन्छन्। नेपालबाट चीनमा यति संस्कृतका शिक्षक पठाउने र यति चिनिया भाषाका शिक्षक भित्रयाउने भन्ने विषयमा हुन्छन्।

नेपालको परराष्ट्र नीतिलाई प्राथमिक रूपमा साँस्कृतिक नीतिले नेतृत्व गर्नुपर्छ। यसको लागि नेपालले आफूलाई दुई महान् सभ्यताको संगमस्थलको रूपमा चिनाउन सक्नुपर्छ। यो चीन र भारतको आर्थिक पुल होइन, साँस्कृतिक पुल बन्न सक्छ। साँस्कृतिक पुल बनिसकेपछि यो यसै पनि आर्थिक पुल बन्छ। आर्थिक विकास सभ्यता र सँस्कृतिको विकासको एउटा अङ्ग बन्नुपर्छ। अनिमात्रै आर्थिक विकास, समृद्धि र सुख प्राप्त हुन्छ। सभ्यता र सँस्कृतिबाट अलग्गिएको आर्थिक विकास एउटा मृग मरिचिका जस्तो मात्रै हुन्छ।

आर्थिक र रणनीतिक विषयलाई छिमेक नीतिको मेरूदण्ड बनाउँदा नेपालले जहिल्यै एक वा अर्को छिमेकीको आशङ्का झेल्नुपरेको छ। आर्थिक र रणनीतिक कुटनीतिलाई साँस्कृतिक कुटनीतिको मातहत राख्दा मात्रै नेपालले दुवै छिमेकीको विश्वराजनीतिमा भएको अभूतपूर्व पुनरोदयबाट मनग्गे फाइदा उठाउन सक्छ। यस सन्दर्भमा हामीले बुद्धबाट सिक्न सक्छौं।बुद्धको विचार कसरी भारत, भियतनाम, थाइल्याण्ड, बर्मा, चीनलगायतका देशमा कुनै युद्ध नगरी फैलियो त्यो पनि के कुराको साक्षी हो भने साँस्कृतिक बाटोबाट अघि बढ्दा सबैको विश्वास जित्न सकिन्छ।

उदाहरणको लागि भारत र चीन जाँदा नेपालका प्रधानमन्त्रीले पूर्वीय सभ्यता र सँस्कृतिको पुनरोदय र पुनःनिर्माणको प्रस्ताव गर्न सक्छन्। नेपाललाई अष्ट्रेलिया जस्तै शैक्षिक केन्द्रमा बदल्न भारत र चीनका विश्वविद्यालयसित सम्झौता गर्न सक्छन्। भारतका, चीनका र पश्चिमा विश्वविद्यालयसित सहकार्य गरे नेपाललाई विश्वभरिका मानिस ज्ञानका लागि धाउने देश बनाउन सकिन्छ। यसो गर्न सके सके भारत र चीनबाट आउने लाखौं विध्यार्थिबाट नेपालले प्रमुख आम्दानी गर्न सक्छ। आखिर नेपाल यज्ञवल्क, अस्टवक्र, वेदव्यास र गौतम बुद्धको देश हो। यसले विश्वलाई ज्ञान र विज्ञानका क्षेत्रमा दिनसक्ने धेरैछ।

**किन नेपालको विदेशनीति धर्म/धम्म निर्देशित हुनुपर्छ ?**

धम्म/धर्म विनाको राजनीतिको कारण आज हाम्रो देशले यो दुर्गति बेहोर्नुपरेको छ। धर्म विनाको दैनिकीको कारण नेपालीहरूको मुहारबाट हाँसो र खुसी हराउँदै गएको छ। धर्म विनाको विश्वराजनीति र विदेशनीतिको कारण नेपाल दिनानुदिन खोक्रो बन्दै गएको छ।

नेपाललाई धर्मसापेक्ष राष्ट्रमा परिणत गर्न जसरी ढिला भैसकेको छ त्यसरी नै हाम्रो विदेशनीति पनि धर्म वा धम्म निर्देशित बनाउन जरूरी भैसकेको छ।

हामीले हाम्रो विदेशनीतिलाई धर्म/धम्म निर्देशित बनाउनसक्यो भने हामीले हाम्रो बाटो पहिल्याउने छौं।यसअघि नै उल्लेख भएझैं विदेशनीति तय गर्नुभन्दा पहिले हामीले हाम्रो आफ्नो स्वत्व थाहा पाउनुपर्छ। आफ्नो स्वत्व थाहापाए पछि एउटा राष्ट्रको रूपमा हाम्रो स्वधर्म के हो थाहा हुन्छ। हामीले हाम्रो पहिचान थाहा पाएपछि वा निर्माण गरेपछि मात्रै हाम्रो विदेशनीति कस्तो हुने भन्ने हामीलाई थाहा हुन्छ।

हाम्रो नेपाल विश्वलाई शान्तिको सन्देश दिने गौतम बुद्धको देश हो। बुद्धको धम्म दर्शनले शक्तिराष्ट्रहरूलाई शान्तिको मार्ग देखाउँछ। बुद्धको देश भएको नाताले हामीले परराष्ट्र नीतिमा केनेथ वाल्ज, जोहन मेरसाइमर, हब्स वा हान्स मोर्गेन्थाउका यथार्थवादी विचार होइन, बुद्धको धम्ममा आधारित सिद्धान्त वा महाभारतको धर्ममा आधारित सिद्धान्तबाट निर्देशित भएर अघि बढ्नुपर्छ।

अशोकाले जस्तै हामीले पनि हाम्रो विदेशनीतिमा धम्म/धर्मलाई मूल मार्गदर्शनका रूपमा उल्लेख गरेर आफूलाई एउटा न्यायिक र शान्तिपूर्ण विश्वको पहरेदारको रूपमा उभ्याउन सक्छौं। त्यसो गरेर मात्रै हामीले नजिकका छिमेकीबीच शान्तिको पैरवी गर्न सक्छौं। धम्मको नीतिबाट निर्देशित भएर हामीले अन्तर्राष्ट्रिय मञ्चमा नम्र बोली, शालिन व्यवहार, देशहरूबीच आपसी विश्वास, भातृत्व, संघ भावाना, करूणा र अहिंसामा आधारित विदेशनीतिको पैरवी गर्न सक्छौं। धर्ममा आधारित भएर हामीले अतिवादको विरोध, मानवसंहार, उत्पीडन, अत्याचार र आततायीपनको भर्तसना, र मानवता र मानव जातिको हितको पक्षपोषण गर्न सक्छौं। धम्म/धर्ममा आधारित भएर हामीले फेरि एकपटक सिद्धार्थ गौतमको देशबाट विश्व शान्ति, करूणा, भातृत्व, मोक्ष र सुखको नयाँ अभियान को झण्डा उठाउन सक्छौं। रातोपाटीबाट

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिर्वतन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने,कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा  मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र जुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

**जनहितका लागि : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर, सप्तरी**

# लागु औषध मुद्दा स्वास्थ्य संयोजकलाई फसाउन खोजिएको दाबी

**राजविराज**/सप्तरीको बोदेबरसाइन नगरपालिकाले स्वास्थ्य शाखा संयोजक राजनारायण ठाकुरलाई लागु औषध मुद्दामा फसाउन खोजेको दाबी गरेको छ।

नगरपालिकाकी कार्यवाहक नगरप्रमुख रेणुकुमारी साहले बिहीबार एक प्रेस बिज्ञप्ति मार्फत सो दाबी गरिएको हो। स्वास्थ्य शाखाकै प्रमुख नै लागु औषधसहित पक्राउ परेपछि नगरपालिकाले आफ्नो स्तरबाट पनि छानबिन सुरु गरेको थियो।

विज्ञप्तिमा स्वास्थ्य शाखा संयोजक ठाकुरको सवारीसाधनमा लागु औषध फेला परेको विषयलाई गम्भिरतापूर्वक छानबिन गर्दा उनको कुनै संलग्नता नरहेको निष्कर्षमा पुगेको उल्लेख छ।

उक्त नगरपालिकाका स्वास्थ्य शाखाका संयोजक राजनारायण ठाकुर चढेको लु.५५प.५४३९ नम्बरको मोटरसाइकलबाट



असोज १२ गते प्रतिबन्धित लागु औषध नाइट्राभेट ट्याब्लेट २७ वटा र स्पासमो ट्याब्लेट १५ वटा प्रहरीले बरामद गरेको थियो।

त्यस्तै निज ठाकुरलाई कसैले फसाउन खोज्ने उद्देश्यले त्यस्तो षडयन्त्र रचेको विज्ञप्तिमा उल्लेख गरिएको छ। स्वास्थ्य शाखा संयोजक ठाकुर कुशल व्यवहार तथा असल बानी ब्यहोराका कर्मचारी रहेको उल्लेख गर्दै विज्ञप्तिमा उनलाई फसाउन कसैले नियतबस त्यस्तो काम गरेको दाबी समेत गरिएको छ।

पुरानो रिसिबी तथा उनको चरित्र हत्या गर्ने मनसायले उनका विपक्षिको संलग्नतामा लागु औषध राखेर फसाइएको विज्ञप्तिमा भनिएको छ। सुरक्षा तथा अन्य सरोकारवाला निकायबाट सुक्ष्म अनुसन्धान गरि दोषिलाई कानुनी दायरामा ल्याउन विज्ञप्ति मार्फत जोडदार माग गरिएको छ।

यसअघि बुधबार पनि नेपाल स्वास्थ्यकर्मी युनियन, नेपाल स्वास्थ्यकर्मी संघ, राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ नेपाल, मधेशी स्वास्थ्यकर्मी फोरम, एकीकृत स्वास्थ्यकर्मी संगठन नेपाल र राष्ट्रिय प्रगतिशिल स्वास्थ्यकर्मी संगठन सप्तरीले संयुक्त विज्ञप्ति जारि गर्दै स्वाथ्य संयोजक ठाकुरको रिहाईको माग गरेका छन्।

सुनियोजित ढंगबाट लागु पदार्थ ओसारपोसार अभियोगमा प्रहरीले स्वास्थ्यकर्मी ठाकुरलाई पक्राउ गरेको आरोप लगाउँदै विज्ञप्तिमा आफ्नो सेवामा समर्पित स्वास्थ्यकर्मीलाई पक्राउ गर्न निन्दनीय भएको ठहर गरिएको छ।

विज्ञप्तिमा स्वास्थ्य अधिकृत ठाकुर बिभिन्न रोगबाट ग्रसित रहेको भन्दै चिकित्सकको सल्लाहमा स्वास्थ्य परिक्षण तथा नियमित औषधी सेवन गर्नु परेको हुँदा उनलाई रिहा गर्न माग गर्दै रिहा नगरिए स्वास्थ्यकर्मीहरु संघर्षका लागि बाध्य हुने जनाइएको छ।

## बालिका बलात्कार गर्ने युवकलाई ८ वर्ष कैद

**राजविराज**/बाखा चराउन गएकी बालिकालाई बलात्कार गरेको आरोपमा एक युवकलाई अदालतले ८ वर्ष कैदको फैसला सुनाएको छ।

सप्तरीको शम्भुनाथ नगरपालिका ७ का दशन मण्डललाई सप्तरी जिल्ला अदालतले ८ वर्ष कैद सजायको फैसला सुनाएको हो। उनी हाल पूर्पक्षका लागि राजबिराज कारागारमा छन्।

न्यायधिश हेमन्त रावलको इजलाशले बलात्कार घटनामा मण्डललाई दोषि ठहर गर्दै ८ वर्ष कैद तथा १ लाख क्षतिपूर्ती भराउने समेत फैसला गरेको इजलाश अधिकृत कुमार सुवेदीले जानकारी दिए।

पाँच वर्ष अघि २०७५ साल साउन ५ गते बाखा चराउन गएकी सोही पालिकाकी एक बालिकालाई बलात्कार गरेको उजुरी परेपछि प्रहरीले मुद्दा दर्ता गरि मण्डलको खोजतलास सुरु गरेको थियो। त्यसपछि फरार रहेका मण्डल घटनाको चार बर्षपछि २०७९ साल चैत १ गते स्वयम अदालतमा उपस्थित भएपछि पूर्पक्षका लागि कारागार चलान भएका थिए।

पीडितको उजुरीको आधारमा बालिकाको स्वास्थ्य परिक्षण गराउँदा बलात्कारको पुष्टि भएपछि प्रहरीले उनीमाथी जबरजस्तीकरणी मुद्दा चलाएको थियो।

## गम्भिर प्रकृतिका अपराध मुद्दाका पुराना घटनाका फायलहरु खोलिने : एसपी बज्राचार्य

**राजविराज**/जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रमुख (एसपी) गजुसिद्धि बज्राचार्यले गम्भिर प्रकृतिका अपराधका पुराना घटनाका फायलहरु खोलिने बताएका छन्।

सप्तरीको प्रहरी प्रमुखको जिम्मेवारी सम्हालेपछि सोमवार संचारकर्मीहरुसँगको परिचयात्मक तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले जिल्लामा बिचाराधिन तथा फायलमै सीमित रहेका गम्भिर प्रकृतिका मुद्दाका फायलहरु खोलिने बताए।

पत्रकारको सुरक्षा र सम्मानका साथै समयमै सूचना प्रवाहका बिषयलाई आफुले प्राथमिकतामा राख्ने उनको भनाई छ। उनले शान्ति सुरक्षा तथा समाजमा आपसी सद्भाव कायम राख्ने विषयमा संचारकर्मीहरुसँग सकारात्मक सहयोग पाउने अपेक्षा पनि राखे।

अपराध नियन्त्रण तथा पीडितलाई राहत दिने गरी नयाँ ढंगले काम गर्ने योजना सुनाउदै उनले आउन लागेको महान चाडपर्व दशैं, तिहार र छठलाई लक्षित गरी विशेष सुरक्षा योजना बनाएको जानकारी पनि दिएर।

कार्यक्रममा सप्तरी सरुवा भएर आएका डिएसपी ढुण्डिराज नेउपानेले जनता र प्रहरीबीचको आपसी सद्भाव अझ प्रगाढ बनाउन तथा जिल्लामा शान्ति सुरक्षा कायम गर्न प्रहरीले सबै सरोकारवालासँग मिलेर काम गर्ने बताए।


जनहीतका लागि जारि सन्देश

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५. आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

अनुरोधकर्ता : **अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**


# अन्तर्राष्ट्रिय समाचार

## गाजापट्टीबाट रकेट हमलापछि इजराइली सेनाद्वारा 'युद्धका लागि तयारी' को घोषणा

**इजराइल**/इजराइलमा गाजापट्टीबाट व्यापक रकेट हमला र हमास आतङ्ककारीहरूको घुसपैठपछि इजराइली प्रतिरक्षा फौज (आईडीएफ) ले शनिबार युद्धका लागि तयार रहेको घोषणा गरेको टाइम्स अफ इजराइल (टिओआई) ले जनाएको छ। "इजराइललाई आईडीएफले युद्धका लागि तयार मुलुकका रूपमा घोषणा गर्दछ", इजराइली सेनाले एक विज्ञप्तिमा भनेको छ, "इजराइली भूमिमा गाजाबाट व्यापक रकेट प्रहार भएको छ र थुप्रै प्रवेश विन्दुबाट इजराइली भूमिमा आतङ्ककारीहरूले घुसपैठ गरेका छन्।"

आईडीएफले मुलुकका दक्षिण र मध्य क्षेत्रका बासिन्दाहरूलाई सुरक्षित क्षेत्रको नजिक रहन र गाजा वरपरका बासिन्दाहरूलाई सुरक्षित अवस्थामा रहन आवश्यक रहेको बताएको छ। यसैबीच आईडीएफले गाजा पट्टीमा उसले जवाफी हमला गरिरहेको बताएको छ। हमासले गरेको अप्रत्याशित हमालाको झन्डै दुई घन्टापछि आईडीएफले जवाफी हमला गरेको हो। "यस आक्रमणको पछाडि हमासको हात रहेको छ र उसले हमलाको परिणाम र जिम्मेबारी बहन गर्नेछ", आईडीएफले भनेको छ। यसैबीच प्रतिरक्षामन्त्री योआभ गालान्टले हमाले अप्रत्याशित आक्रमण गरेपछि रिजर्भमा रहेका सैनिकहरूलाई बोलाउने कदमलाई अनुमति दिनुभएको छ। एजेन्सी

## हमासको रकेट आक्रमण इजराइली सहरका मेयरको मृत्यु

**इजराइल**/शनिबार बिहान हमासले गरेको घातक रकेट आक्रमणमा परी शार हानेगेभ क्षेत्रीय काउन्सिलका प्रमुख (मेयर) ओफिर लिब्स्टेनको मृत्यु भएको स्थानीय स्रोतलाई उद्धृत गर्दै टाइम्स अफ इजराइलले बताएको छ।

"आतङ्कवादीको आक्रमणको बेला सहरको रक्षा गर्न गएका ओफिर मारिए", काउन्सिलको विज्ञप्तिलाई उद्धृत गर्दै समाचारमा भनिएको छ। उनको मृत्युपछि काउन्सिलका उपप्रमुख योसी केरेनलाई अन्तरिम प्रमुख बनाइएको छ। पछिल्लो समाचारअनुसार हमासको रकेट आक्रमणमा परी कम्तीमा पाँच जनाको मृत्यु भएको र एक सयभन्दा बढी घाइते भएका छन्।

मध्य तथा दक्षिण इजराइलमा शनिबार बिहान साढे तीन घण्टासम्म व्यापक रकेट हमला भएको थियो। यसबाहेक हमासले पाँच जना इजराइल डिफेन्स फोर्स (आईडीएफ) का सैनिकलाई अपहरण गरेको दाबी गरेको जेरुसेलनम पोस्टले बताएको छ। आईडीएफले भने त्यसको पुष्टि गरेको छैन। हमासको आक्रमणपछि आईडीएफले गाजापट्टीमा जवाफी हमला गरेको छ। एजेन्सी

## अमेरिकाको अन्त्येष्टि गृहमा १०० भन्दा बढी शव सडेको अवस्थामा फेला

**लस एन्जलस**/अमेरिकाको कोलोराडो राज्यको एक अन्त्येष्टि गृहमा एक सयभन्दा बढी सडेको शव फेला परेपछि अनुसन्धान सुरु गरिएको स्थानीय अधिकारीहरूले बताएका छन्। फेमोन्ट काउन्टीस्थित पेनरोजमा रहेको रिटन टु नेचर फ्युनरल होममा बुधबार ती शव फेला परेका थिए। प्रहरीले 'हरित' अन्त्येष्टि सञ्चालकको भण्डारणलाई सूक्ष्मरूपमा अनुसन्धान गरेर अन्त्येष्टि गृहभित्रबाट कम्तीमा एक सय १५ सडेको शव फेला पारेको थियो।

फेमोन्ट काउन्टी सेरिफ एलन कुपरले पत्रकार सम्मेलनमा भन्नुभयो, "पछिल्लो ४८ घन्टामा मेरो कार्यालयले अत्यन्त डरलाग्दो खोज गरेको छ, अनुचितरूपमा शवहरू भण्डार गरिएको अन्त्येष्टि गृहको अवस्था भयावह थियो।" उहाँका अनुसार यस क्षेत्रका समुदायले धेरै प्रश्न र चिन्ता व्यक्त गरेका छन्। विशेषगरी आफ्ना प्रियजनलाई उक्त अन्त्येष्टि गृहमा सुम्पिएका परिवारले बढी चिन्ता व्यक्त गरेका छन्। उहाँले भन्नुभयो, "हाम्रो प्राथमिकता र ध्यान ती परिवारप्रति छ।"

फेमोन्ट काउन्टी कोरोनर र्यान्डी केलरले पनि भन्नुभयो, "उक्त गृहमा प्रवेश गरेपछि हामीले अनुचितरूपमा राखिएका एक सयभन्दा बढी शव फेला पार्‍यौं जसले भयानक दृश्य बनायो।" केलरका अनुसार काउन्टीमा आपत्कालीन सङ्कटकाल घोषणा गरिएको छ। उक्त घटना सम्बन्धमा अहिलेसम्म कसैलाई पक्राउ नगरिएको उहाँले बताउनुभयो। उहाँका अनुसार अनुसन्धान अहिले प्रारम्भिक अवस्थामा छ र अनुसन्धान प्रक्रिया लामो हुनेछ। अनुसन्धान र उक्त अन्त्येष्टि गृहको सफाइका लागि राज्यबाट सहयोग उपलब्ध गराउन कोलोराडोका गभर्नरले बिहीबार राति आपत्कालीन विपत्तिको घोषणा गर्नुभयो। एजेन्सी

## इसरोले गगनयान मिसनका लागि मानवरहित परीक्षण उडान सुरु गर्ने

**भारत**/भारतीय अन्तरिक्ष अनुसन्धान संस्था (इसरो) ले गगनयान मिसनको हिस्साका रूपमा मानवरहित परीक्षण उडानको तयारी सुरु गरेको जनाएको छ। सामाजिक सञ्जाल एक्स (ट्विटर) मा इसरोले गरेको पोस्टमा भनिएको छ, "मिसन गगनयान : इसरोले गगनयानका लागि मानवरहित परीक्षण उडान सुरु गर्नेछ, फ्लाइट टेस्ट भेहिकल एबोर्ट मिसन-१ (टिभी-डि वान) तयारी भइरहेको छ जसले क्रु इस्केप सिस्टमको प्रदर्शन गर्दछ।"

इसरोका अनुसार यो परीक्षण उडानले बाँकी योग्यता परीक्षण र मानवरहित मिसनका लागि आधार तयार गर्नेछ जसबाट भारतीय अन्तरिक्षयात्रीहरूसँगै पहिलो गगनयान मिसन सुरु हुनेछ। गगनयान मिसनको पहिलो परीक्षण उडानका लागि फर्स्ट क्रस मोडुल सम्बन्धमा एक विज्ञप्ति जारी गर्दै इसरोले टेस्ट भेहिकल (टिभी-डि वान) को पहिलो उडानको तयारी अन्तिम चरणमा पुगेको उल्लेख गरेको छ। एजेन्सी

# राष्ट्रिय योजना आयोगका सदस्य डा. राउत नेतृत्वको टोलीद्वारा अस्पतालको निरिक्षण



**राजविराज**/ राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउत नेतृत्वको टोलीले मंगलबार गजेन्द्र नारायण सिंह अस्पतालको निरिक्षण गरेका छन् ।

निरिक्षणपूर्व सो टोलीले अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. प्रकाश प्रसाद साहसँग अस्पतालको समस्या बारे जानकारी माग गरेका थिए ।

सो क्रममा मेसु साहले ५० शैयाको स्वीकृती पाएको राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल हाल डेढ सय शैयाको सेवा संचालन गर्दा समस्यै समस्याले गुज्रिरहेको बताउँदै भने, “५० शैयाको स्वीकृती तथा क्षमता भएको अस्पतालमा सीमित श्रोत, साधन र जनशक्तिको भरमा अहिले १ सय ५० शैयाको सेवा संचालन गर्नुपरिरहेको छ, ५० शैयाका लागि पनि चाहिने आवश्यक जनशक्ति र साधनश्रोत नभएको बेला डेढ सय शैयाको सेवा संचालन गर्नु पर्दा बेला बेलामा समस्या र तनाव झेल्नु परिरहेको छ ।”

आयोगका सदस्य राउत, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव सुमन दाहाल, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उपसचिव कृष्ण थापा, शाखा अधिकृत बैकुन्ठराज रेग्मी, मधेश प्रदेशका सांसद एवं अर्थसमितिका सभापति सतिश कुमार सिंह तथा प्रमुख जिल्ला अधिकारी किरण थापा सम्मिलित टोली समक्ष मेसु डा. साहले समस्या बारे जानकारी दिएका थिए ।

उनले टोली समक्ष अस्पतालमा सेवा विस्तार गर्ने उद्देश्यले तीन सय शैया क्षमता रहने गरि भवन संरचना निर्माण भइरहेकोमा उक्त कार्यपनि सुस्त गतिमा रहेको र हस्तान्तरणमा ढिलाई हुँदा थप समस्या भएको सुनाए ।

अस्पतालमा दिनँहु तीन सयको हाराहारीमा बिरामीहरु चेकजाँच गर्न आउने गरेको भन्दै मेसु डा. साहले बिरामीको चाप बढ्दै गएकाले अविलम्ब भवन निर्माण कार्य सकाएर अस्पताल प्रशासनलाई हस्तान्तरण गर्न लगाउन पहलका लागि टोली समक्ष आग्रह समेत गरे ।

उनले अस्पतालमा नाक, कान, घाँटी तथा मानसिक रोग उपचारका चिकित्सकको पदपूर्ती हुन नसक्दा त्यस्ता बिरामीलाई समस्या हुने गरेको लाचारी व्यक्त गरे । उनले बेड अभावमा कतिपय बिरामीलाई भुईमै राखेर भएपनि उपचार सेवा दिन बाध्य भएको सुनाए ।

अहिलेकै अवस्थामा सहज रुपमा सेवा दिन तीन सय भन्दा बढी जनशक्ति आवश्यक परेकोमा स्थायी, करार र दैनिक ज्यालादारी गरि २ सय जनशक्तिबाट काम चलाउनु परिरहेको उनले टोली समक्ष सुनाए । त्यसमा पनि कतिपय करार र दैनिक ज्यालादारीका कर्मचारीलाई अत्यन्त न्युन तलबमा काम लगाउँदा उनीहरुको मनोबल समेत घटेको मेसु डा. साहको भनाई छ ।

अस्पतालको समस्या विवरण बुझे पश्चात् स्थलगत निरिक्षण गरेको टोलीले अस्पताल सुधारका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएको मेसु डा. साहले जानकारी दिएका छन् ।

# सरकारले जनताका पक्षमा काम गरोस् भन्ने खबरदारीका लागि जागरण अभियान : अध्यक्ष नेपाल




**राजविराज**/नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले सरकारले जनताका पक्षमा काम गरोस् भन्ने खबरदारीका लागि पार्टीले मेची महाकाली समाजवादी जागरण अभियान सुरु गरेको बताएका छन् ।

समाजवादी प्रेस संगठन सप्तरीद्वारा मंगलबार आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष नेपालले सो कुरा बताउँदै सुशासन कायम राखेर आर्थिक समृद्धि हासिल गर्ने तर्फ सरकार केन्द्रीत हुनुपर्ने जिकिर गरे ।

उनले मुलुकमा कृषि, पर्यटन र ऊर्जाको क्षेत्रमा सम्भावना रहेको भन्दै मुलुकमा विद्यमान साधन स्रोतको अधिकत्तम उपयोग गर्दै अघि बढ्न र सुशासन तथा पारदर्शिताका लागि पनि समाजवादी अभियान अपरिहार्य रहेको बताएका छन् ।

उनले मिटर ब्याजको समस्याले गरिब जनता घरबारविहीन हुने अवस्थाको समाधान गर्न सरकार संवेदनशील हुनुपर्ने धारण राख्दै जनतालाई सरल र सहज ढंगले ऋण उपलब्ध गराउने व्यवस्था मिलाउन सरकारसँग आग्रह पनि गरे ।

जनतालाई विकास तथा सुशासनको प्रत्याभूति दिनकालागि राजनीतिक स्थायित्व आवश्यक रहने बताउँदै पूर्व प्रधानमन्त्री समेत रहेका नेता नेपालले राजनीतिक स्थायित्वकालागि पनि समाजवादी अभियान जरुरी रहेको जिकिर गरे ।

उनले भने, “एमाले पार्टी नेतृत्वमा बढ्दो अहंकार संगै हामीलाई भित्तामा पुऱ्याउने काम गरेकोले अस्तित्व रक्षाकालागि पनि हामी समाजवादी अभियानमा गोलबन्द भएका हौं ।” नेता नेपालले संबिधानको रक्षाकालागि पनि गठबन्धनको सरकार बनाउनु परेको भन्दै वर्तमानमा गठबन्धनको विकल्प नरहेको जिकिर समेत गरे ।

समाजवादी प्रेस संगठन सप्तरीका अध्यक्ष अनिल पोखरेलको अध्यक्षतामा आयोजित पत्रकार सम्मेलनमा पूर्वप्रधानमन्त्री झलनाथ खनाल, मधेश प्रदेशका भूमि व्यवस्था तथा सहकारी मन्त्री गोबिन्द बहादुर न्यौपाने, पार्टीका उपाध्यक्ष धर्मनाथ साह, जिल्ला अध्यक्ष प्रताप नारायण चौधरी लगायतको उपस्थिति रहेको थियो ।

यस्तै मंगलबारै पार्टीले जिल्लाको छिन्नमस्ता गाउँपालिकामा बृहत पार्टी प्रवेश कार्यक्रमको आयोजना गरेको छ । आयोजित कार्यक्रममा पाँच सय भन्दा बढी अन्य पार्टी परित्याग गरि नेकपा (एकीकृत समाजवादी) मा प्रवेश गरेका छन् । नवप्रवेशीहरुलाई पार्टीका राष्ट्रिय अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधव कुमार नेपालले अबिर माला लगाएर स्वागत गरेका थिए ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

## बालविवाह विरुद्ध अपील
## “बालविवाह जिन्दगी तबाह”

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्नवा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालबिवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

अनुरोधकर्ता

सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, कदमाहा, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*